आज मिति २०८३।०३।१२ गते रिब्दीकोट गाउँपालिका गाउँसभाको २० औं अधिवेशनको तेश्रो बैठक गाउँसभाका अध्यक्ष श्री नारायण बहादुर कार्कीको अध्यक्षता र तपशिलको उपस्थितिमा बसी देहाय अनुसार निर्णय गरियो।

## उपस्थिति:

| क्र.सं. | पदाधिकारीको नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | नारायण बहादुर कार्की | अध्यक्ष | |
| २ | कान्ता अधिकारी | उपाध्यक्ष | |
| ३ | प्रकाश रायमाझी | प्रवक्ता | |
| ४ | चिरन्जीवी पोखरेल | वडाअध्यक्ष, वडा नं १ | |
| ५ | ओम प्रसाद पोखरेल | वडाअध्यक्ष, वडा नं २ | |
| ६ | नारायण बहादुर के.सी | वडाअध्यक्ष, वडा नं ३ | |
| ७ | सोम बहादुर कार्की | वडाअध्यक्ष, वडा नं ४ | |
| ८ | मन बहादुर अस्लामी | वडाअध्यक्ष, वडा नं ५ | |
| ९ | दान बहादुर कुंवर | वडाअध्यक्ष, वडा नं ७ | |
| १० | चुरा बहादुर छहरी मगर | वडाअध्यक्ष, वडा नं ८ | |
| ११ | मीना कुमारी राना | कार्यपालिका सदस्य | |
| १२ | रन्जना खनाल | कार्यपालिका सदस्य | |
| १३ | गोमा थापा | कार्यपालिका सदस्य | |
| १४ | शर्मिला नेपाली | कार्यपालिका सदस्य | |
| १५ | सुनिल बस्याल | कार्यपालिका सदस्य | |
| १६ | गीता कौशल | कार्यपालिका सदस्य | |
| १७ | सिता कुमाल | १ नं. वडा सदस्य | |
| १८ | पवित्रा सुनार | १ नं. वडा सदस्य | |
| १९ | खुम बहादुर कुमाल | १ नं. वडा सदस्य | |
| २० | शर्मिला श्रेष्ठ (बि.क.) | २ नं. वडा सदस्य | |
| २१ | निलराज उपाध्याय नेपाल | २ नं. वडा सदस्य | |
| २२ | पवन कुंवर | २ नं. वडा सदस्य | |
| २३ | अम्विका नेपाली | ३ नं. वडा सदस्य | |
| २४ | नरेन्द्र अमात्य | ३ नं. वडा सदस्य | |

CamScanner

| | | | |
|---|---|---|---|
| २५ | नरेन्द्र बहादुर सुन्धौली | ३ नं. वडा सदस्य | |
| २६ | पविता खाम्चा | ४ नं. वडा सदस्य | |
| २७ | धना कुमारी सार्की रुचाल | ४ नं. वडा सदस्य | |
| २८ | दुर्गा प्रसाद ढकाल | ४ नं. वडा सदस्य | |
| २९ | राजेन्द्र प्रसाद नेपाल | ४ नं. वडा सदस्य | |
| ३० | हुमा दमै | ५ नं. वडा सदस्य | |
| ३१ | सरस्वती कुमार श्रेष्ठ | ५ नं. वडा सदस्य | |
| ३२ | सुरेश ठकुरी | ५ नं. वडा सदस्य | |
| ३३ | मिना कुमारी बगाले मगर | ६ नं. वडा सदस्य | |
| ३४ | मन गैरे | ६ नं. वडा सदस्य | |
| ३५ | भरत बहादुर जि.सी. | ६ नं. वडा सदस्य | |
| ३६ | रुद्र बहादुर बगाले | ६ नं. वडा सदस्य | |
| ३७ | देउका गाहा | ७ नं. वडा सदस्य | |
| ३८ | राम बहादुर राना | ७ नं. वडा सदस्य | |
| ३९ | रुद्र बहादुर थापा | ७ नं. वडा सदस्य | |
| ४० | कान्ती लामटाङ्गे | ८ नं. वडा सदस्य | |
| ४१ | माया हितङ्गा | ८ नं. वडा सदस्य | |
| ४२ | थमन बहादुर उचै | ८ नं. वडा सदस्य | |
| ४३ | मोहन सिंह राना मगर | ८ नं. वडा सदस्य | |
| ४४ | सुरेश भुसाल | सभाका सचिव | |

CamScanner

**कार्य सुची :**

१. लैंगिक हिंसा निवारण, पुनर्स्थापना तथा सेवा कोष विधेयक, २०८३ उपर दफावार छलफल तथा स्वीकृतिको लागि पेस,

२. आ.व. २०८३।०८४ को वार्षिक बजेट उपर छलफल तथा स्वीकृतिको लागि पेस,

३. आर्थिक विधेयक, २०८३ र विनियोजन विधेयक, २०८३ उपर दफावार छलफल तथा स्वीकृतिको लागि पेस,

४. बेरुजु फछ्र्योट सम्बन्धी प्रस्ताव प्रस्तुत, छलफल तथा स्वीकृतिको लागि पेस,

५. बिबिध।

निर्णयहरु :

१. लैंगिक हिंसा निवारण, पुनर्स्थापना तथा सेवा कोष विधेयक,२०८३ उपर दफावार छलफल गरी स्वीकृत गरियो।

२. आ.व. २०८३।०८४ को वार्षिक बजेट उपर छलफल गरी संशोधन सहित स्वीकृत गरियो।

३. आर्थिक विधेयक, २०८३ र विनियोजन विधेयक, २०८३ उपर दफावार छलफल गरी स्वीकृत गरियो।

४. आर्थिक बर्ष २०८१/०८२ को महालेखापरीक्षकको प्रतिवेदनले नियमित गर्नुपर्ने भनी औल्याएका तपसिलका बेरुजु रकम नियमित (फछ्र्योट) गर्न मनासिव भएकोले फछ्र्योटको लागि आगामी सभाको अधिवेसनमा पेश गर्ने भनी मिति २०८३/०३/११ मा लेखा समितिबाट भएको निर्णय लेखा समितिका संयोजक श्री चिरन्जीवी पोखरेलले पेश गर्नु भएकोमा सो सम्बन्धमा तपसिल बमोजिम गर्ने :

क्रमश: अर्को पेजमा छ।

CamScanner

तपशिल:

<table>
<tr><th rowspan="2">क्र. स.</th><th rowspan="2">दफा नं.</th><th colspan="4">बेरुजु</th><th colspan="2">फ़छ्यौटका लागि लेखा समिति र गाउँसभाबाट भएको निर्णय</th></tr>
<tr><th>गो.भौ .नं.</th><th>बेरुजुको संक्षिप्त विवरण</th><th>बेरुजु रकम</th><th>बेरुजुको प्रकार</th><th>लेखा समितिको निर्णय</th><th>गाउँसभाको निर्णय</th></tr>
<tr><td>१</td><td>२८</td><td></td><td>आर्थिक कार्यविधि तथा वित्तीय उतरदायित्व ऐन, २०७६ को दफा १८ मा बजेट निकासा सम्बन्धी व्यवस्था रहेको छ। सोही ऐनको दफा १८मा (४) एकमन्त्रालय वा निकायको मातहतको कार्यालय मार्फत कार्यक्रम संचालन गरी खर्च गर्न आवश्यक भएमा विनयोजन भएको निकायको सचिवले सम्बन्धित मन्त्रालय वा निकायको सचिवलाई खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। उक्त व्यवस्थाको पालना बेगर कार्यालयले छुटै बजेट र अस्तित्व भएको देहायका कार्यालयलाई निम्नानुसार भुक्तानी गरेको छ। यसरी अन्य निकायको भुक्तानी गर्नु नियमित नदेखएको रु
<table>
<tr><th>गो.भौ. न.</th><th>निकाय तथा कार्यालय</th><th>प्रयोजन</th><th>रु</th></tr>
<tr><td>१७८/ २०८ १/8/२ ०</td><td>श्री कल्याण कृषि सहकारी संस्था</td><td>भवनको रङ्गरोहन</td><td>७००० ०/-</td></tr>
<tr><td>विभिन्न</td><td>प्रहरी चौकी</td><td>इन्धन</td><td>८१६० ०/-</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>१,५१, ६००/-</td></tr>
</table></td><td>रु१,५१,६०० /-</td><td>अनियमित</td><td>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १८ अनुसार खर्च गर्ने अख्तियारी (४)सम्बन्धी व्यवस्था रहेको भए तापनि सम्बन्धित कार्यालयहरू स्थानीय सरकारी / संयन्त्र अन्तर्गत नै रही सार्वजनिक सेवा प्रवाह, सुरक्षा तथा पूर्वाधार संरक्षणसँग प्रत्यक्ष रूपमा सम्बन्धित रहेका छन्। श्री कल्याण कृषि सहकारी संस्था मार्फत गरिएको भवनको रङ्गरोगन कार्य स्थानीय स्तरको कृषि प्रवर्द्धन तथा संस्थागत संरचना संरक्षणका लागि आवश्यक देखिएकाले सम्झौता बमोजिम भुक्तानी गरिएको हो। साथै प्रहरी चौकीलाई इन्धन प्रयोजनका लागि गरिएको भुक्तानी स्थानीय शान्ति सुरक्षा तथा सार्वजनिक सेवाको निरन्तरताका लागि अत्यावश्यक भएकाले व्यवहारिक आवश्यकताको आधारमा खर्च गरिएको हो। उक्त खर्चहरू स्वीकृत बजेटको सीमाभित्र रही वास्तविक कार्य सम्पन्न भएपछि आवश्यक प्रमाण कागजातका आधारमा गरिएको देखिंएकाले यसलाई उद्देश्यअनुकूल खर्च मानी नियमानुसार फछ्यौंट गरी नियमित गर्न मिल्ने देखिन्छ। साथै अब उप्रान्त अन्य सरकारी तथा गैर सरकारी संघ संस्थाहरु, प्रहरी चौकी लगायतका अन्य निकायहरुलाई इन्धन लगायत अन्य खर्च बापतको रकम भुक्तानी नगर्ने प्रतिबद्धता सहित उक्त बेरुजु रकम रु १,५१,६००/- लाई नियमित गर्नका लागि कार्यपालिका मार्फत सभामा पेश गर्ने निर्णय गरियो।</td><td>उक्त दफा २८ को बेरुजु सम्बन्धमा लेखा समिति र गाउँकार्यपालिकाको निर्णय उपर व्यापक छलफल गरी सो दफाको बेरुजु नियमित गर्ने सर्वसम्मत निर्णय गरिएको छ। गाउँसभाबाट नियमित गरिएको बेरुजु समपरीक्षण गरी दिनका लागि महालेखापरीक्षकको कार्यालयलाई अनुरोध गर्ने समेत निर्णय गरियो।</td></tr>
<tr><td>२</td><td>४४.८</td><td></td><td>टुक्रा पारी खरिद<br>सार्वजनिक खरीद नियमावली २०६४ को नियम ९७(१) मा उपभोक्ता समितिसंग कार्य गराउन सकिने र (२) मा यसरी काम लगाउदा १ करोड संम्मको लागत अनुमानमा मुल्यअभिवृद्धि कर, ओभरहेड, कन्टिजेन्सी रकम र</td><td>रु४१,८७,०४ ६ /-</td><td>अनियमित</td><td>सार्वजनिक खरीद नियमावली, २०६४ को नियम ९७ बमोजिम उपभोक्ता समितिमार्फत कार्य गराउन सकिने व्यवस्था रहेको छ। हार्थोक छहरा मोटरबाटो कालोपत्रे कार्य पालिकाको प्राथमिकता प्राप्त पूर्वाधार आयोजनाअन्तर्गत पर्ने भएकाले सोही नियमको मर्मअनुसार उपभोक्ता समिति गठन गरी कार्य गराइएको हो। प्रारम्भिक बार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत</td><td>उक्त दफा ४४.८ को बेरुजु सम्बन्धमा लेखा समिति र गाउँकार्यपालिकाको निर्णय उपर व्यापक छलफल गरी सो दफाको बेरुजु नियमित गर्ने सर्वसम्मत निर्णय गरिएको छ। गाउँसभाबाट नियमित गरिएको बेरुजु समपरीक्षण गरी दिनका लागि महालेखापरीक्षकको कार्यालयलाई अनुरोध गर्ने समेत निर्णय गरियो।</td></tr>
</table>

CS CamScanner

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | जनसहभागिताको अंश समेतको रकम समावेश हुनुपर्ने व्यवस्था रहेको छ ।पालिकाले हार्थोक छहरा मोटरबाटो कालोपत्रे गर्नका लागि बजेट विनियोजन भई रु.२६,४१,३७२ को लागत अनुमान तयार गरी नेव वहादुर ओलीको अध्यक्षतामा उपभोक्ता समिति गठन गरी मिति २०८१।१२।१५ मा काम सक्नेगरी मिति २०८१।७।१३ मा सम्झौता भए निज उपभोक्ता समितिलाई गो.भौ.नं. १०१ मिति २०८१।११।२७ बाट रु.१९,२६,७९६ भुक्तानी गरिसके पछी पुन सोही काम बाँकी रहेको भनि रु. ६६ लाखको बजेट विनियोजन रु. ७,२६८,९९३ लागत अनुमान तयार गरी उही उपभोक्ता समिति गठन गरी निज उपभोक्ता समितिलाई गो.भौ.नं. ३२६ मिति २०८२।३।२५ मा रु. २२,६०,२५० भुक्तानी दिएको देखिएकोले कामलाई टुक्रा टुक्रापारि सोही कामलाई कुल रु.४१,८७,०४६ भुक्तानी भएकोले उक्त रकम नियमित नदेखिएको रु. | | | हार्थोक छहरा सडक बाटो मर्मत शिर्षकमा मिति २०८१/०३/०९ गतेको सभाबाट रु २९,००,०००/- विनियोजन भई मिति २०८१/१२/१५ मा कार्य सम्पन्न हुने गरी उपभोक्ता समितिसँग सम्झौता गरी कार्य भईरु. १९,२६,७९६। -भुक्तानी गरिएको तर सो बजेटले हार्थोक देखि पालिका सम्मको सडक पुरै निर्माण हुन नसक्ने भएको साथै स्थानीय बासिन्दाको माग र आवश्यकतालाई मध्यनजर गर्दै मिति २०८१/१०/१२ गते बसेको गाँउसभाको बैठकले रु ३५,००,०००/ -र २०८२/०१/२४ मा गाँउसभाको बैठकबाट बसेको बैठकबाट अन्य शिर्षकमा खर्च नभएको बजेट रकमान्तर गरी सोही बाटोको फरक chainage मा काम गर्न नयाँ उपभोक्ता समिति गठन गर्नुभन्दा पुरानै उपभोक्ता समितिबाट काम गराउन सजिलो तथा छिटो हुने हुँदा सोहीउपभोक्ता समितिसँगसम्झौता भई कार्य गराई मिति २०८२/०३/२५ मा रु २०,६०,२५०/- भुक्तानी गरी जम्मा रु ४१,८७,०४६ /- खर्च लेखिएको हो । बजेट अभावको कारंण एकै पटक सम्झौता हुन नसकेको / टुक्रा-टुक्रा पारी कार्य गर्ने मनासय नहुँदा पनि टुक्रा-टुक्रा पारी कार्य भएको देखिन आएको साथै यसबाट कुनै सरकारी हानी नोक्सानी नभएको, यसरी सम्पन्न कार्यहरु बास्तविक रुपमा कार्यस्थलमा कार्यान्यवन भई सार्वजनिक हितमा प्रयोगमा आएको, उपभोक्ता समितिबाट कार्य भएको प्रमाण, प्राविधिक् मुल्याङ्कन तथा आवश्यक कागजात उपलब्ध रहेको अवस्थामा उक्त खर्चलाई उद्देश्य अनुकुल मानी नियमानुसार नियमित गर्नको लागि कार्यपालिका मार्फत सभामा पेश गर्ने निर्णय गरियो । | |
| ३ | ४९ | | स्थानीय तह कार्यक्रम संचालन मार्गदर्शन शसर्त ) (अनुदान मार्फत हस्तान्तरीत कार्यक्रम, २०८१।८२ को मातृ तथा नवजात शिशु कार्यक्रमको क्रियाकलापन नं ३ मा स्वास्थ्य चौकि तथा प्राथमिक स्वास्थ्य केन्द्रमा उपलब्ध नर्सिङ जनशक्तिले २४ औ घण्टा प्रसुती सेवा दिन नसक्ने अवस्था भएकोमा वर्थिङ सेन्टरको स्थापना गर्ने व्यवस्था गरेको छ। जहाँ वार्षिक ६० जना वा सो भन्दा कम प्रसुती भएको खण्डमा करारमा अनमी खटाउन पाइने छैन भन्ने व्यवस्था छ। पालिकाले निम्न वर्थिङ्ग सेन्टरमा कार्यविधिले तोकेको मापदण्ड भन्दा थोरै सुत्केरी सङ्ख्या भएकोमा | रु९,२७,००० /- | अनियमित | स्थानीय तह कार्यक्रम सञ्चालन मार्गदर्शन (शसर्त अनुदानमार्फत हस्तान्तरीत कार्यक्रम), २०८१/८२ को मातृ तथा नवजात शिशु कार्यक्रम अन्तर्गत सुरक्षित प्रसूति सेवा प्रवर्द्धन गर्ने उद्देश्यले स्वास्थ्य चौकी तथा प्राथमिक स्वास्थ्य केन्द्रमा २४ घण्टा प्रसूति सेवा सुनिश्चित गर्नुपर्ने व्यवस्था रहेको छ। यद्यपि वार्षिक सुत्केरी संख्या ६० जना वा सोभन्दा कम भएको अवस्थामा करारमा अ.न.मि. नियुक्त गर्न नपाइने व्यवस्था उल्लेख भए तापनि सम्बन्धित स्वास्थ्य संस्थाहरू भौगोलिक रूपमा विकट क्षेत्रमा अवस्थित रहेकोले स्वास्थ्य संस्थामा सहज पहुँच नहुने, आकस्मिक प्रसूति सेवाको आवश्यकता रहने तथा स्थानीय बासीलाई समयमै सुरक्षित मातृ सेवा उपलब्ध गराउनुपर्ने व्यवहारिक अवस्थालाई ध्यानमा | उक्त दफा ४९ को बेरुजु सम्बन्धमा लेखा समिति र गाउँकार्यपालिकाको निर्णय उपर व्यापक छलफल गरी सो दफाको बेरुजु नियमित गर्ने सर्वसम्मत निर्णय गरिएको छ । गाउँसभाबाट नियमित गरिएको बेरुजु समपरीक्षण गरी दिनका लागि महालेखापरीक्षकको कार्यालयलाई अनुरोध गर्ने समेत निर्णय गरियो । |

करारमा अनमी नियुक्ती गरी तलब भत्ता भुक्तानी दिएको अनियमित देखिएको रु.

| बर्थीङ सेन्टर | बार्षिक सुत्केरी संख्या | अनमी दरबन्दी | करार नियुक्त | बार्षिक तलब भत्ता |
|---|---|---|---|---|
| खस्यौलि प्रा.स्वा.के. | १८ | ३ | १ | ३०९०००/- |
| कुसुमखोला स्वा.चौ. | ६ | २ | १ | ३०९०००/- |
| पालुङ्ग स्वा.चौ. | ८ | २ | १ | ३०९०००/- |
| फेक स्वा.चौ. | ५ | २ | ० | ० |
| जम्मा | | | | ९२७०००/- |

राखी अस्थायी रूपमा करारमा अ.न.मि. खटाइएको हो । उक्त वर्थिङ सेन्टरहरूमा सुत्केरी संख्या न्यून भए तापनि २४ घण्टा सेवा सञ्चालन, आकस्मिक प्रसूति व्यवस्थापन तथा मातृ तथा नवजात शिशुको ज्यान जोखिम न्यूनीकरण गर्न अ.न.मि.को उपस्थिति अनिवार्य देखिएकाले स्थानीय आवश्यकताको आधारमा करार नियुक्ति गरिएको हो। यसरी नियुक्त गरिएका अ.न.मि. हरूबाट वास्तविक रूपमा सेवा प्रवाह भई स्थानीय बासिन्दा लाभान्वित भएको, तलब भत्ता स्वीकृत स्केल भित्र रही भुक्तानी गरिएको तथा कार्यक्रमको उद्देश्य अनुसार खर्च भएको देखिएकाले उक्त खर्चलाई उद्देश्यअनुकूल मानी नियमानुसार फछ्यौंट गरी जम्मा रु. ९,२७,०००।– को रकम नियमित गर्नका लागी कार्यपालिका मार्फत सभामा पेश गर्ने निर्णय गरियो ।

४. विविध :

(क) चालु अ.व. मा हालसम्म भएका कार्यपालिकाको निर्णयहरु तथा कार्यालयबाट भएका खर्चहरु अनुमोदन गरियो।

(ख) आर्थिक बर्ष ०८२/८३ मा कार्यपालिकाको विभिन्न मितिमा भएको निर्णय बमोजिम कर्मचारीहरुलाई उपलब्ध गराइएको प्रोत्सहान रकम तथा विभिन्न शिर्षकमा गरिएको रकमान्तरलाई अनुमोदन गरियो।

(ग) स्वीकृत दरबन्दीमा करारमा रहेका कर्मचारीहरु र कार्यपालिकाको कार्यालयमा करारमा कार्यरत एक जना हलुका सवारी चालक र दुई जना कार्यालय सहयोगीको सेवा सुबिधा सम्बन्धित पदको लागि नेपाल सरकारले तोके बमोजिम हुने गरी, विभिन्न संघीय कार्यक्रमका कर्मचारीहरुको हकमा नेपाल सरकारले सम्बन्धित पद/तहको लागि तोकेको तलब सुविधामा नबढ्ने गरी सम्बन्धित कार्यक्रम अन्तर्गत तलब/पारिश्रमिक शिर्षकमा संघीय सरकारले विनियोजित गरेको ब्जेट अनुसार हुने गरी, ज्यालादारी सेवामा कार्यरत सहायक कृषि प्राविधिक र सहायक पशु स्वास्थ्य प्राविधिक कर्मचारीहरुको हकमा दक्ष जनशक्तिको लागि तोकिएको जिल्ला दररेट बमोजिम पारिश्रमिक उपलध गराउने गरी, ज्यालादारी सेवामा कार्यरत सहायक कम्प्युटर अपरेटर कर्मचारीहरुलाई अदक्ष जनशक्तिको लागि तोकिएको जिल्ला दररेट अनुसारको पारिश्रमिक उपलब्ध गराउने गरी, ज्यालादारी सेवाका अमिन पदमा कार्यरत कर्मचारीलाई जिल्ला दररेट अनुसारको पारिश्रमिक उपलब्ध गराउने गरी, देहायका कर्मचारीको बाहेक अन्य सबै कर्मचारीहरुको सेवा सुविधा चालु आर्थिक बर्षमा खाईपाई आए बमोजिम नै यथावत रहने गरी तथा स्थायी पदपूर्ति भएमा स्वतः हट्ने गरी मिति २०८३/०४/०१ गते देखि लागु भई ६ महिनाको लागि करार सम्झौताको म्याद थप गर्ने।

**देहाय :**

१. नगर प्रहरीको मासिक तलव रु. २,०००/- वृद्धि गर्ने।

(घ) गाउँसभाको २० औं अधिवेशनबाट स्वीकृत भएको बजेट अनुसारको कार्यक्रम तथा योजनाहरुको कार्यान्वयन गर्न समस्या भएमा वा बजेट घटबढ भई आएमा वा अन्तरिक आय तर्फको रकम प्रक्षेपण अनुसार प्राप्त हुन नसकेमा सोको कार्यान्वयन तथा हेरफेर गर्ने अधिकार गाउँ कार्यपालिकालाई प्रदान गर्ने निर्णय गरियो।

CamScanner